# बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)
# मासिक कार्यसम्पादन पत्र

महिना : सेप्टेम्बर २०२५  वर्ष :४  अकं : ९


## १. बालबालिकालाई मानसिक स्वास्थ्य सम्बन्धी सत्र सम्पन्न :




१९-२० सेप्टेम्बर २०२५ : कन्सोर्टियम नेपालले हालै राष्ट्रिय बाल पैरवी परिषद्का सदस्यहरु साथै कर्णाली र मधेश प्रदेशका बाल क्लबका प्रतिनिधिहरुलाई लक्षित गरी दुई दिने मानसिक स्वास्थ्य तथा सुस्वास्थ्य सम्बन्धी सत्र सम्पन्न गरेको छ ।

सत्र विशेषगरी विपद् वा आकस्मिक अवस्थाका समयमा बालबालिकाको मानसिक अवस्थालाई सम्बोधन गर्ने विषयमा केन्द्रित थियो । हालै नेपालमा भएको Gen-z आन्दोलन र त्यस पछिको परिस्थितिका सन्दर्भमा बालबालिकाले भोग्ने मनोवैज्ञानिक असरबारे छलफल गर्दै, उनीहरुलाई आत्मबल बढाउने, सामना गर्ने सीप सिकाउने तथा आपतकालीन अवस्थामा सजग रहने क्षमता विकास गराउने उद्देश्य राखिएको थियो । दुई दिनको सत्रमा १८ जना बालबालिकाको उपस्थिति रहेको थियो ।

## २. बालबालिकाको सिभिक स्पेस बारे अन्तरमन्त्रालय संवाद सम्पन्न :




७ सेप्टेम्बर २०२५ : बालबालिकाको अधिकार सुनिश्चित गर्न नीतिगत व्यवस्थासँगै कार्यान्वयन र बजेट सुनिश्चितता अपरिहार्य रहेकोमा सरोकारवालाले जोड दिएका छन् । काठमाडौंमा सम्पन्न "बालबालिकाको सिभिक स्पेस" सम्बन्धी अन्तर-मन्त्रालय संवादमा यस बारे छलफल भएको हो ।

कार्यक्रममा वक्ताको रुपमा गैर सरकारी संस्था महासंघ नेपालका अध्यक्ष अर्जुन भट्टराईले बालबालिकाको अधिकार सुनिश्चित गर्न सबै क्षेत्रको सहकार्य अपरिहार्य रहेको भन्दै 'सिभिक स्पेस'लाई संस्थागत बनाउन, सामाजिक दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउन र सबै तहमा बालबालिकाको सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिएका थिए । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव जनकराज शर्माले स्थानीय तहको भूमिका बालमैत्री शासन अभ्यासमा निर्णायक हुने बताउनुभयो । वहाँको अनुसार स्थानीय तहमा बाल क्लब,


कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२४  participation.consortium@gmail.com,  Fb: Consortium Nepal

बाल संजाल, निर्माण भए पनि ती संरचनाहरू अझै औपचारिकतामा सीमित रहेको स्वीकार गर्नुपर्ने देखिन्छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव कृष्णचन्द्र पोखरेलले शिक्षा नीतिहरूलाई बालमैत्री बनाउन निरन्तर प्रयास भइरहेको जानकारी दिनुभयो ।



श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव जितेन्द्र प्रसाद शर्माले बालश्रम अन्त्य बिना बाल अधिकार सुनिश्चित नहुने बताउनुभयो । कन्सोर्टियम नेपालको अध्यक्ष सन्तोष महर्जनको अध्यक्षतामा भएको कार्यक्रमले बालबालिकाको नागरिक स्पेस, अधिकार र सहभागिता सुनिश्चित गर्न कानूनी, नीतिगत र व्यवहारिक तीनै तहमा सामूहिक प्रयास अपरिहार्य रहेको निष्कर्ष निकालेको छ । कार्यक्रममा गैर सरकारी संस्था महासंघका उप-महासचिव किरण थापाले बालबालिकाको सिभिक स्पेस बारे प्रस्तुति गर्नुभएको थियो भने दोस्रो चरणको प्यानल छलफलको सहजिकरण श्रीराम बजगाईले गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन कन्सोर्टियम नेपालका महासचिव अनिता पाण्डेले गर्नुभएको थियो ।

## हार्दिक शुभकामना





कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

# बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)
# मासिक कार्यसम्पादन पत्र

## अपिल

DAO Registration No. 131-2070
SWC Affiliation No. 37795

**बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)**
CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION (CONSORTIUM–NEPAL )

**अपिल**

मिति २०८२ भाद्र २३ गते जेनजी पुस्ताले विभिन्न माग राखि गरेका आन्दोलनका क्रममा प्रहरी तथा प्रशासनबाट शक्तिप्रदर्शनहुनु र सुरक्षाकर्मीले गोली चलाउँदा सयौं प्रदर्शनकारी घाइते हुनुका साथै बालबालिका, युवा सहित नागरिकहरूको ज्यान गुमाउनु अत्यन्तै दु:खद तथा गम्भीर घटना हो । यस घटना प्रति कन्सोर्टियम नेपाल गम्भीर ध्यानाकर्षण गर्दछ ।

हामी मृतकहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दछौं र घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछौं । शान्तिपूर्ण आन्दोलन लोकतान्त्रिक अधिकार हो र यस सन्दर्भमा, सरकारले नागरिकहरूको संवैधानिक अधिकारको सम्मान गर्दै संयमित, मर्यादित र जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने हामी जोडदार माग गर्दछौं ।

विशेषगरी, बालबालिकाको जीवन र सुरक्षालाई जोखिममा पार्ने कुनै पनि गतिविधि अस्वीकार्य छन् । हिंसा, दमन र अतिवादी कार्यहरुले परिस्थिति थप प्रतिकूल बन्ने भएकाले राज्यका सबै निकायहरूलाई यस्ता गतिविधिबाट टाढा रहन र नागरिक सुरक्षा सुनिश्चित गर्न आग्रह गर्दछौं ।

हामी सरकारसँग यस घटनाबाट प्रभावित बालबालिका, युवा र नागरिकहरूको अधिकार र जीवनको सुरक्षा सुनिश्चित गर्न, मृतक र घाइते बालबालिका तथा परिवारप्रति आवश्यक सहयोग, मनोवैज्ञानिक समर्थन, र न्यायपूर्ण व्यवस्था तत्काल प्रभावकारी रुपमा लागु गर्न दृढतापूर्वक अनुरोध गर्दछौं ।

यसैगरी, भविष्यमा यस्ता घटनाहरु दोहोरिन नदिन बालबालिका र युवाहरुका माग सम्बोधन गर्न, उनिहरुको अधिकार संरक्षणमा संवेदनशील र दीर्घकालीन नीतिगत कदमहरु अवलम्बन गर्न सरोकार निकाय र सरकारसँग दृढतापूर्वक अनुरोध गर्दछौं ।

सन्तोष महर्जन
अध्यक्ष

२०८२ भाद्र २४

अनिता पाण्डे
महासचिव

## आम सञ्चामाध्यममा कन्सोर्टियम नेपाल

Consortium-Nepal
8 Sept ·
https://madhyanhadaily.com/post/28086



madhyanhadaily.com
बालबालिकाको अधिकार सुनिश्चिततामा बहुआयामिक छलफल

**सरोकारवालाको चेतावनी : 'सिभिक स्पेस' बिना बालमैत्री शासन सम्भव छैन**

2.6K SHARES

भाद्र २२, २०८२ आइतबार · २ हप्ता अघि · 4.0K Views



## कन्सोर्टियम नेपालले सेप्टेम्बर २०२५ मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण:

| क्र.सं | कार्यक्रम | आयोजक |
|---|---|---|
| १. | Social Audit | Looniva Child Concern Group |
| २. | Learning sharing meeting | Save The Children |



कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal